नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः ७५** **मितिः २०८२।०९।२४ गते**

**भाग – २**

**नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि, २०८२**

कार्यपालिकामा पेश मितिः २०८२।०९।१६ गते
कार्यपालिकाबाट पारित मितिः २०८२।०९।१६ गते
प्रमाणिकरण मितिः २०८२।०९।१६ गते
राजपत्रमा प्रकाशित मितिः २०८२।०९।२४ गते

प्रस्तावनाः नेपालमा रहेको चरम गरिबीलाई कम गर्न तथा लोकतान्त्रिक, न्यायिक, समतामूलक एवं दिगो समाज निर्माणका लागि नेपाल सरकारले गरिबी निवारण कोष स्थापना गरी समाजमा गरीब तथा पिछडिएको वर्गको सक्रिय सहभागीतामा गरिबी निवारण सम्वन्धी कार्यक्रम सञ्चालन गराउन र गरिबी निवारणमा संलग्न सामुदायिक संस्थाहरुलाई अनुदान तथा आवश्यक सहयोग उपलब्ध गराई मुलुकवाट गरिबी निवारण गर्न सामुदायिक संस्थाहरुलाई गरिबी निवारण कोषवाट आयआर्जनको लागि उपलब्ध घुम्तीकोष अनुदान रकमलाई व्यवस्थित गरी सामुदायिक संस्थाहरु एवम् त्यहाँ रहेको घुम्तीकोषको दिगो र प्रभावकारी परिचालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ उपदफा १ र २ बमोजिम नौगाड गाउँ कार्यपालिकाले गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि, २०८२ बनाएको छ ।

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि २०८२

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि२०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "गरीबी निवारण कोष"** भन्नाले गरीबी निवारण कोषवाट अनुसूचि (१) बमोजिमको सामुदायिक संस्थाहरुलाई आय आर्जनको लागि उपलब्ध गराएको घुम्ती कोष रकम सम्झनु पर्छ ।

**(ख) "सहकारी संस्था"** भन्नाले नौगाड गाउँपालिकाको सहकारी ऐन पहिलो संशोधन, २०८० को दफा (५) को प्रकृया पुरा गरी दफा (६) को उपदफा (१) (२) र (३) वमोजिम दर्ता भएको सहकारी संस्थाहरुलाई सम्झनु पर्छ ।

**(ग) "विनियम"** भन्नाले नौगाड गाउँपालिकाको सहकारी ऐन, २०८० को दफा (१७) बमोजिम सम्बन्धित सहकारी संस्थाको स्वीकृत विनियम सम्झनु पर्छ ।

**(घ) "गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समिति"** भन्नाले यस कार्यविधिको दफा (११) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

**(ङ) "अनुगमन समिति"** भन्नाले यस कार्यविधिको दफा १५ वमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

**(च) "सदस्य"** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति वा सामुदायिक संस्थालाई सम्झनु पर्छ।

**(छ) "समिति"** भन्नाले सहकारी संस्थाको संचालक समिति सम्झनु पर्छ ।

**(ज) "गाउँपालिका"** भन्नाले नौगाड गाउँपालिका सम्झनु पर्छ ।

**(झ) "कार्यपालिका"** भन्नाले नौगाड गाउँ कार्यपालिका सम्झनु पर्छ ।

**(ञ) "कार्यविधि"** भन्नाले नौगाड गाउँपालिकाको गरिवी निवारण कोष व्यवस्थापन कार्यविधि, २०८२ सम्झनु पर्छ ।

**(ट) "अध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

**(ठ) "उपाध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

**(ड) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नौगाड गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

**(ढ) "शाखा प्रमुख"** भन्नाले नौगाड गाउँ कार्यपालिकाको सहकारी शाखा प्रमुख सम्झनु पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

**(ण) "साना किसान वा कृषक"** भन्नाले नौगाड गाउँ कार्यपालिका भरीका साना किसान वा कृषक सम्झनु पर्छ ।

**(त) "सूचिकरण"** भन्नाले गरीबी निवारण कोषबाट गठन गरीएका सामुदायिक संस्था गाउँपालिकामा सूचिकरण गर्ने भन्ने सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य

**३. उद्देश्यः कार्यविधिका उद्देश्य निम्न अनुसार रहने छ ।**

(क) गरीबी निवारण कोषवाट आयआर्जनको लागि उपलब्ध घुम्तीकोष अनुदान रकमलाई व्यवस्थित गरि सामुदायिक संस्थाहरु एवं त्याँहा रहेका घुम्ती कोषको दिगो र प्रभावकारी परिचालन गर्न ।

(ख) छरिएर रहेको पूजिलाई सहकारीको माध्यमवाट एकिकृत गरिपरिचालन गर्न ।

(ग) खराव कर्जा असुल उपर गर्नु ।

(घ) कोषको अवस्था अध्यावधिक गर्नु ।

(ङ) कोष परिचालनमा प्रभावकारीता ल्याउनु ।

## परिच्छेद ३

## सामुदायिक संस्था व्यवस्थापनको क्षेत्रहरु

**४. सामुदायिक संस्थाकै मान्यतामा संस्था सञ्चालन हुनेः**

(१) उद्देश्य अनुरुप समूह र कोष सञ्चालन भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम सामुदायिक संस्थाकै मान्यतामा संस्था सञ्चालन हुने ।

स्पष्टिकरणः उद्देश्य अनुरुप भन्नाले समूहहरुको बैंकिङ्ग कारोवारको नियमितता, समूह सदस्यहरुको ग्राहक पहिचान अध्यावधिक (केवाइसी अपडेट), उद्देश्य अनुरुप ऋण लगानी तथा असुली, चुस्त दुरुस्त लेखा प्रणाली र समूह सदस्यहरुको आयआर्जन वृद्धिको गणितिय मापन समेतलाई बुझाउँछ ।

**५. सहकारी संस्थामा आवद्धताः**

(१) उद्देश्य अनुरुप समूह र कोष सञ्चालन भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम साना किसान कृषि सहकारी सहकारी संस्थामा सदस्यता लिई आवद्धता गर्ने।

**६. सहकारी संस्थाको गठन तथा दर्ता** उद्देश्य अनुरुप पालिका स्तरीय साना किसान कृषि सहकारी सहकारी गठन गरी समूह र कोषको व्यवस्थापन गर्नु पर्नेछ।

**७. गाउँपालिका भरी कार्यक्षेत्र राखी साना किसान कृषि सहकारी सहकारी संस्थाको गठन तथा दर्ताः** (१) उद्देश्य अनुरुप समूह र कोष सञ्चालन भइरहेको वा कोषको सञ्चालनमा समूहहरुलाई कठिनाई भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम गाउँपालिका भरी कार्यक्षेत्र भएको विषयगत साना किसान कृषि सहकारी सहकारी संस्थाको गठन तथा दर्ता गरी समूह र कोषको व्यवस्थापन गर्ने ।

(२) माथि उल्लेखित दफा ४), ५) र ६) अनुसारको सहकारी संस्थामा सहकारी संस्था गठन गरी दर्ता गर्दा गरीबी निवारण कोषवाट प्राप्त घुम्ती कोष रकमलाई विउ पूँजीको रुपमा सहकारी संस्थामा जम्मा गर्नु पर्ने छ । यो रकमलाई शेयर र वचतको रुपमा रकमान्तर गर्न पाईने छैन ।

(३) दफा ६ वमोजिमको सहकारी संस्था गठन तथा दर्ता गर्दा समूह सदस्यको रुपमा सहकारी दर्ता गर्न सकिनेछ । सहकारी सम्बन्धी अन्य व्यवस्थाहरु सहकारी दर्ता दिग्दर्शन २०७४ को अनुसूची १६ बमोजिम तयारी विनियम वमोजिम हुनेछ ।

## परिच्छेद ४
## कोष व्यवस्थापन

**८. घुम्ती कोषको व्यवस्थापनः** (१) गरीबी निवारण कोषवाट आयआर्जनको लागि सामुदायिक संस्थाहरुलाई उपलब्ध अनुसूचि १ वमोजमको घुम्ती कोष रकमलाई गरीबी निवारण कोषद्वारा पर्वद्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजना सञ्चालन सम्वन्धी सामान्य मार्गदर्शन २०७५ को २/३ वमोजिम अक्षय कोष रुपमा मात्र परिचालन गर्ने व्यवस्था गर्ने ।

(२) उपदफा (१)वमोजिमको रकमलाई समूह वा सहकारी संस्थामा गरीबी निवारण कोषकै नामवाट सञ्चालन गर्नु पर्नेछ । सो रकमलाई जुन सामुदायिक संस्थाको नाम वाट जति रकमको कोष खडा गरिएको हो सो वरावरको रकम सो समूह वा समूहका सदस्यहरुलाई लगानी गर्न वाधा मानिने छैन । तर पुन एक वर्ष भित्रमा सोहि वरावरको रकम सो कोषमा फिर्ता भएको ग्यारेन्टी हुनु पर्नेछ ।

(३) अनुसूचि (१) वमोजिमको घुम्ती कोष रकम हिनामिना भएको वा भाका भित्र ऋण असुली नभएको पाइएमा सम्वन्धित पक्षवाट सरकारी वाँकी सरह असुल गरी सोहि कोषमा जम्मा गर्नु पर्नेछ । ऋणि वसाई सराई गरि गएको भए सोहि स्थान वाट र ऋणिको मृत्यु भएको भए उसको जायजेथावाट असुर उपर गर्नु पर्नेछ ।

(४) उद्देश्य अनुरुप लगानी भएको तर प्राकृतिक विपत्तीको कारण व्यवसाय टॉट पल्टिएको, निर्धारीत उद्देश्य वमोजिम लगानी भएको तर ऋणीको मृत्यु भई हकवाला कोहि नभएको र ऋणिको नाममा कुनै जायजेथा नभएको अवस्थामा घुम्ती कोष रकम लगानी भइ नउठ्ने अवस्था (Bad debt)भएमा अनुसूचि (२)वमोजिम निर्धारीत प्रकृया पुरा गरी गाउँ कार्यपालिकाले बमोजिम अपलेखन गर्नु पर्नेछ ।

**९. सामुदायिक संस्थाको साझेदारी रकम व्यवस्थापनः**१) गरीबी निवारण कोषवाट आयआर्जनको लागि सामुदायिक संस्थाहरुलाई उपलब्ध अनुसूचि १ वमोजिमको घुम्ती कोष रकममा सामुदायिक संस्थाहरुको १० प्रतिशत साझेदारी रकमलाई सामुदायिक संस्थाको निर्णय वमोजिम  लगानी गर्न सकिनेछ ।

**१०. सामुदायिक संस्थाको वचत व्यवस्थापनः** (१) गरीबी निवारण कोष कार्यक्रम लागु भएदेखि हालसम्मको सामुदायिक संस्थाको सदस्यहरुको वचत रकमलाई दफा (४) वमोजिम   हुने सामुदायकि संस्थाहरुको हकमा हालकै अवस्थामा सञ्चालन गर्नुपर्ने छ।

(२) दफा ५,६ र ७ वमोजिम सहकारी संस्थामा आवद्ध हुने समूह वा समूह सदस्यहरुको हकमा सदस्यसंख्याको आधारमा एक पटकको लागि समान वचत कायम गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा २) वमोजिम समान वचत कायम गर्दा समूह सदस्यहरुले नपुग रकम थप या वढी रकमफिर्ता गर्न सक्नेछन् ।

**११. सामुदायिक संस्थाको अन्य आम्दानी व्यवस्थापनः** (१) गरीबी निवारण कोष कार्यक्रम लागु भएको हालसम्मको सामुदायिक संस्थाको अन्य आम्दानी रकमलाई दफा (४) वमोजिम सञ्चालित हुने सामुदायिक संस्थाहरुको हकमा हालकै अवस्थामा सञ्चालन गर्नुपर्नेछ ।

(२) दफा ५,६ र ७ वमोजिम सहकारी संस्थामा आवद्ध हुने समूह वा समूह सदस्यहरुको हकमा सदस्य संख्याको आधारमा एक पटकको लागि समान रकम कायम गरी वचत गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा २) वमोजिम समान रकम कायम गरी वचत गर्दा समूह सदस्यहरुले नपुग रकम थप या वढीरकम फिर्ता गर्न सक्नेछन् ।

**१२. गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिः** (१) गरीबी निवारण कोषवाट प्राप्त घुम्ती कोषरकमलाई व्यवस्थीत गर्नको लागि गाउँपालिका स्तरीय तपसिल वमोजिम एक घुम्ती कोष व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्ष | उपसंयोजक |
| (ग) विषयगत समितिको संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) संयोजकद्वारा मनोनित १ महिला सहित साना किसान कृषि सहकारीको १जना | सदस्य |
| (च) सहकारी शाखा प्रमुख | सदस्य सचिव |

**१३. गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) एकिकृत तथ्याङ्कहरु संकलन गर्न लगाउने ।

(२) सहकारीमानै समूहहरुलाई आवद्ध गराउने हो सो को एकिकृत विवरण तयारी गर्ने गराउने।

(३) हिनामिना भएको वा भाका भित्र ऋण असुली नभएको अवस्थामा सरकारी वाँकी सरह असुल गर्नको लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(४) खराव कर्जा पुनरलेखन कार्यमा  घुम्ती कोष व्यवस्थापन समितिलाई सल्लाह दिने ।

प्रमुख प्रशासकीय अधिकृत

(५) गरिवी निवारण कोष व्यवस्थापनको विषयमाअभमूखिकरण गर्ने ।

(६) प्रतिवेदन ३/३ महिनामा गाउँकार्यापालिकामा पेश गर्नु पर्नेछ ।

**१४. अनुगमन समितिः** १) घुम्ती कोष रकम व्यवस्थित भए नभएको विषयमा अनुगमन गर्न तपसिल बमोजिमको एक अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) कृषि शाखा प्रमुख | सदस्य |
| (घ) सहकारी शाखा प्रमुख | सदस्य |
| (ङ) योजना शाखा प्रमुख | सदस्य सचिव |

**१५. अनुगमन समितिको काम,कर्तव्य र अधिकारः**

(१) प्रत्येक सामुदायिक संस्थाको वैठकको अनुगमन गर्ने ।

(२) हिनामिना भएको वा भाकाभित्र ऋण असुली नभएको अवस्थामा सरकारी बाँकी सरह असुल भए नभएको अनुगमन गर्ने

(३) खराव कर्जा प्रतिलेखनको कारणहरुको अनुगमन गर्ने ।

(४) सामुदायिक संस्थाको सदस्यहरु तथा संस्थाहरु सहकारीमा आवद्ध भए नभएको एकिन गर्ने ।

(५) कोषको रकम सहकारीमा जम्मा गरे नगरेको एकिन गर्ने ।

(६) अनुगमनको प्रतिवेदन ३/३ महिनामा घुम्तिकोष व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

**१७. घुम्ती कोष व्यवस्थापन सचिवालयः** (१) घुम्ती कोष रकम व्यवस्थित गर्न गाउँ कार्यपालिकामा तपसिल बमोजिमको एक सचिवालय रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको सहकारी शाखा प्रमुख | संयोजक |
| (ख) सबै वडाका वडा सचिवहरु | सदस्य |
| (ग) योजना शाखाको प्रतिनिधि | सदस्य सचिव |

**१८. घुम्ती कोष व्यवस्थापन सचिवालको काम,कर्तव्य र अधिकारः**

(१) सहकारी संस्थामा संस्थाहरुलाई आवद्ध गराउन सहयोग गर्ने ।

(२) सहकारी संस्थाको विनियम संशोधन वा नया विनियम तयारीमा सहयोग गर्ने ।

(३) सामुदायिक संस्थाको वैठकमा सहयोग गर्ने ।

(४) ऋण असुलि तथा खराव कर्जा पुनरलेखनमा समूहरुलाई सहयोग गर्ने ।

(५) सामुदायिक संस्था र सहकारी संस्थाहरुको भेलाको आयोजना गर्ने

(६) गाउँपालिका स्तरी घुम्ती कोष व्यवस्थापन समितिलाई प्रत्येक २र२ महिनामा प्रगती प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद ५
## विविध

**१९. कार्यविधिको व्याख्याः** यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

**२०. कार्यविधि संशोधनः** यो कार्यविधिको प्रावधानहरुमा कार्यापालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**२१. बाधा अड्चन फुकाउः** नौगाड गाउँपालिकाको सहकारी ऐन २०७४ र यो कार्यविधिमा व्यवस्था भएवाहेकका विषयमा निर्णय गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले गर्नेछ ।

**२२. कार्यविधिको समय अवधीः** गरिवी निवारण कोष अन्तर्गतको समूहरुहरु र समूहहरुमा गरिवी निवारणकोष वाट उपलब्ध घुम्तीकोष रकमको व्यवस्थापन कार्य सकिएपछि स्वत यो कार्यविधिको समय अवधी समाप्त भएको मानिनेछ ।

२३. यस कार्यविधिमा उल्लेखित कुरा यसै बमोजिम र उल्लेख नगरिएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२४ यस  कार्यविधिको कुनै व्यवस्था प्रचलित संघीय तथा प्रदेश कानुन सँग बाझिएमा बाझिएको हद सम्म यो कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-१

## दफा— ८ को उपदफा १ संग सम्बन्धित

## गरिबी निवारण कोषको घुम्तिकोष रकम

सविकको खार गा.वि.स.

| सि.नं | सामुदायिक संस्थाको नाम तथा ठेगाना | ग.नि.को. संगको सम्झौता कोड नं. | ग.नि.को. संगको सम्झौत मिति | सदस्य संख्या | घुम्तिकोषको पुरा विवरण | |
|---|---|---|---|---|---|---|
| | | | | | ग.नि.को.बाट प्राप्त रकम रु | २०६५ /०७/३० समम सामुदयिक संस्थामा लगानीमा रहेको घुम्तिकोष रकम जम्मा रु. |
| 1 | बसीन डाडा सामुदायिक | १६.३९३ | २०६३.३.१० | 37 | 430250 | ४९१९७८ |
| 2 | भूमीपूजन सामूदायिक | ६०.०६६.०६७.२०.१ | २०६६.८.८ | 16 | 285100 | ३३०१४८ |
| 3 | चन्दन सामूदायिक संस्था | १६.३४६...१ | २०६५.७.३० | 18 | 333355 | ३७२८३९ |
| 4 | चौड प्रगतीशिल | १६.०७८.१ | २०६३.८.१७ | 25 | 349585 | ३९२३८५ |
| 5 | चिनाड खोला सामूदायिक | ६०.०६६.०६७.१८.१ | २०६६.८.८ | 13 | 305200 | ३५३३०० |
| 6 | दल्लेख शिव विनायक | १६.०४७.१ | २०६३.३.१० | 34 | 359430 | ४०५६८५ |
| 7 | डाडाजामीर सा.स. | १६.०८१.२ | २०६३.७.१० | 38 | 602710 | ६६१२९० |
| 8 | धार केदार सामूदायिक | १६.५७२...१ | २०६५.११.२५ | 22 | 369610 | ४१६८१४ |
| 9 | गोधानी भुमीराज | १६.१०७.१ | २०६३.७.११ | 21 | 361705 | ५०२५६५ |
| 10 | जामीर समाज सुधार | १६.२३५.०६३.०६४.१ | २०६३.९.२२ | 19 | 292800 | ४०९६३८ |
| 11 | खुपील गांउ महिला | १६.२३१.०६३.०६४.१ | २०६४.१.२० | 22 | 44290 | २६७४४८ |
| 12 | लालिगुरांस सामुदायिक | १६.२३३.०६३.०६४.१ | २०६४.१.२० | 12 | 171020 | २०१२७२ |
| 13 | लामाडेरा दुर्गा भवानी | १६.०७७.१ | २०६४.४.२२ | 30 | 331070 | ४०८४१३ |
| 14 | लटिनाथ सामुदायिक | १६.०३४.२ | २०६४.१.२० | 15 | 108855 | १३८७४३ |
| 15 | नैालो बिहानी सामूदायिक | ६०.०६६.०६७.१९.१ | २०६६.८.८ | 18 | 398900 | ४६२०६० |
| 16 | ओखलधार सामुदायिक | १६.०५३.१ | २०६३.३.१० | 13 | 250150 | २७१३५० |
| 17 | परिवर्तनशिल सामूदायिक | ६०.०६६.०६७.२३.१ | २०६६.८.८ | 19 | 383900 | ४६०५९८ |
| 18 | पारीखार सामुदायिक | १६.४५४.१ | २०६३.९.२२ | 13 | 215150 | २४३४८५ |
| 19 | पारिमेला जगन्नाथ | १६.५७४...१ | २०६५.११.२५ | 16 | 281600 | ३२२१५८ |
| 20 | पासरौल भुमेश्वरी | १६.४५३.१ | २०६३.९.२१ | 28 | 501377 | ५६८१८८ |
| 21 | फेरागाऊं मिलिजूली | १६.५७३...१ | २०६५.११.२५ | 9 | 153875 | १८७५३५ |
| 22 | सालिमान्डौ हरियाली सा.स | १६.५२०.२ | २०६५.१.३० | 15 | 249800 | २८९१६० |
| 23 | सिर्जना सामुदायिक संस्था | १६.०७९.१ | २०६३.७.१० | 9 | 122795 | १४०५७५ |
| 24 | तल्लासुन्डमुन्ड डाडाबाग सा.स. | १६.२३.३ | २०७०.१.२५ | 21 | 251790 | २७११३० |
| 25 | ताराकोट सामुदायिक | १६.२३४.०६३.०६४.१ | २०६३.१.२० | 27 | 440500 | ५०८५०४ |
| 26 | ठेउके इजर सामूदायिक | ६०.०६६.०६७.१५.१ | २०६६.८.८ | 15 | 237850 | २८३२८६ |
| 27 | ठुलाईजर मालिकार्जुन | १६.२३२.०६३.०६४.१ | २०६४.१.२० | 23 | 356920 | ४४७३६५ |
| **जम्मा** | | | | **548** | **8189587** | ९६०७९१२ |

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

साविकको इयरकोट गा.वि.स

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | अधेकी भवानी सामुदायिक | १६.०५९.१ | २०६३.७.१०. | १२ | १८५४०० | २५९१४१ |
| 2 | वरभगे प्रगतीशिल | १६.०५४.१ | २०६३.७.१. | ३३ | २३७९६० | ३१५२२० |
| 3 | भगवती रानी आयआर्जन | १६.०७४.१ | २०६३.११.३०. | २७ | ५५८००० | ६१११६८ |
| 4 | चुच्चई केदारनाथ | १६.०७६.१ | २०६३.७.१० | १८ | १९५४८० | २२९९५६ |
| 5 | देउराली भट्टेधार | १६.२५१.०६३.०६४.१ | २२०६४,१,२० | ९ | १४७५८० | १६८२९९ |
| 6 | देवी भगवती सामुदायिक | १६.३४१...१ | २०६५.१.२०. | ११ | २६३६०८ | २८३४९२ |
| 7 | गोधानी जनहित | १६.२४६.०६३.०६४.१ | २०६४.१.२०. | ८ | ११२७०० | १२५९४२ |
| 8 | गोफा ब्रम्हदेव | १६.२५०.०६३.०६४.१ | २०६४.१.२० | १३ | १८४५८० | २२५२६२ |
| 9 | जात्रा सामूदायिक संस्था | १६.३४४...२ | २०६५.१.२० | १८ | ३६१७०० | ४३२१४० |
| 10 | कसाड जगन्नाथ | १६.३४२...१ | २०६५.१.२० | २४ | २३३६६० | ३४४४८८ |
| 11 | लक्सेरी महादेव | १६.३४३...१ | २०६५.१.२० | ४१ | ७०५५६० | ८५०९४८ |
| 12 | लाली गुरास सामुदायिक | १६.०६०.१ | २०६३.७.१० | १२ | १२४८२० | १६३०४६ |
| 13 | माझथाडलिङ सामुदायिक | १६.२४५.०६३.०६४.१ | २०६४.१.२० | ११ | १७५४३५ | १९१११३ |
| 14 | पन्खाए सूर्योदय | १६.५६८...१ | २०६५.७.३० | १२ | २१२२९५ | २३७४२७ |
| 15 | सल्ला सामुदायिक बिकास | १६.०३१.२ | २०६५.१.२० | २५ | ३३३२३६ | ३७५१८६ |
| 16 | श्री देवीश्वरी सामुदायिक | १६.४२८.२ | २०६५.१०.२० | २० | ३४६१६० | ३६४५९२ |
| 17 | रडरडे सिद्ध विनायक | १६.३४५...१ | २०६५.१.२० | १२ | १४४२८० | १७७३०८ |
| 18 | थाडलिङ सामुदायिक संस्था | १६.०३९.२ | २०६५.१०.२० | २० | ३२६८०० | ३२९२९९ |
| **जम्मा** | | | | ३२६ | ४८४९२५४ | ५६८४०२७ |

साविकको सिप्टी गा.वि.स

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | बडालगाउं भूमिराज | १६.२५३.०६३.०६४.१ | २०६४.१.२० | २२ | ३२१०५० | ३७१४१० |
| 2 | भिड मालिकार्जुन महिला | १६.०८६.१ | २०६३.७.१० | ३२ | २१०६४६ | २३३५३८ |
| 3 | चौफाल भवानी | १६.२५४.०६३.०६४.१ | २०६४.१.२० | १७ | २६२५४५ | ३२७२५० |
| 4 | चोट्के गोवाडी | १६.३३०...१ | २०६५.१.३०. | २२ | ४०७०९५ | ४७६४०५ |
| 5 | डाडा लालिगूरास | १६.०५५...१ | २०६५.१.३०. | ४० | ६५००६० | ९७०९५५ |
| 6 | डाडाबाग सामूदायिक | १६.६०३...१ | २०६५.११.२५. | ३० | ४५५७४० | ५३५२६० |
| 7 | दलित जनजागरण | १६.०८४.१ | २०६५.१.३०. | ३१ | २९४८०५ | ३०६८०५ |
| 8 | दलित महिला पुरुष | १६.०४४.२ | २०६५.११.२०. | ४० | ६८५३४० | ७१३६४० |
| 9 | दलित उत्थान सामुदायिक | १६.०८२.१ | २०६३.७.९. | ३० | २९११०५ | ३३४१०४ |
| 10 | धनरास एकता | १६.२५५.०६३.०६४.१ | २०६४.१.२०. | ४० | ६५०८९५ | ७११९९५ |
| 11 | गरिब उत्थान सामूदायिक | १६.६०१...१ | २०६५.११.२०. | २६ | ४१९७५० | ६९३२०० |
| 12 | घोरकट्या सामूदायिक | १६.६००...१ | २०६६.४.२०. | २० | ३२५१३० | ४३९४८० |
| 13 | होपरी केदारनाथ | १६.४३१...१ | २०६५.१.३०. | ३३ | ६०८३४० | ८११३८८ |
| 14 | जीवन जोती सामुदायिक | १६.०४६.१ | २०६३.३.११. | २० | ७८२५० | १०३३२० |
| 15 | केरागाउ सामुदायिक | १६.०४३.१ | २०६६.१०.२५ | २७ | ६८०४० | ८९४५० |
| 16 | किसान उत्थान | १६.४३४...१ | २०६५.१.३०. | २४ | ३९०९१५ | ४६९०७९ |
| 17 | महिला पूरुष एकता | १६.०८५.१ | २०६३.७.१० | २९ | २४८९२० | २८९०३० |

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 18 | मल्लामट्टे भूरभूरे | १६.४३३...१ | २०६५.१.३०. | ४० | ६०३३१६ | ७६२४७९ |
| 19 | मिलिजूली सामूदायिक | १६.६०४...१ | २०६५.११.२५ | ३२ | ५६७४०० | ६११४५० |
| 20 | नाला प्रगतिशिल | १६.७४१...१ | २०६५.११.२०. | २६ | ४५९३०० | ४९५७१५ |
| 21 | सल्लेबगड टटे सामूदायिक | १६.६०२...१ | २०६५.११.२५ | १० | १३०८०० | १२२५०० |
| 22 | सल्याड भैरबनाथ | १६.२५२.०६३.०६४.१ | २०६४.१.२० | ४० | ३८८८०० | ४४२०६५ |
| 23 | सेलाबगड समैजी | १६.०८३.१ | २०६३.७.१० | १६ | २३१२७० | २५५९८० |
| 24 | थोतरेखाली नवदुर्गा | १६.२५६.०६३.०६४.१ | २०६४.१.२० | ३० | ३७०८५० | ४३११२० |
| | | | | ६७७ | ९१२०३६२ | १०९९७६१८ |

साविकको धुलिगडा गा.वि.स

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | बिनायक सा.स. | १६/३६३ | २/८/२०६५ | ३३ | ४०४९०० | ५३५८०० |
| 2 | कोइली सा.सं. | १६/४९८ | २/८/२०६५ | १९ | २२५४५० | २५९१२५ |
| 3 | लालीगुरास सा.स. | १६/३६३ | २/८/२०६५ | ३३ | २६१९२० | ३१०९६७ |
| 4 | सल्याटी सा.स. | १६/३७८/२ | ३/८/२०६३ | ३० | १३१४५० | १३१४५० |
| 5 | देबी सा.स. | १६/६८२ | ४/२२/२०६६ | १५ | २३८५२० | ३९६२४० |
| 6 | भुमिराज टाटा सा.स. | १६/४१७/१ | ३/१३/२०६३ | ३५ | २२२८३० | २२२८३० |
| 7 | एगारभगे सा.सं | १६/६८३ | ४/२२/२०६६ | ३३ | ३२५९२० | ३६८२०० |
| 8 | प्रगतिशिल सां.सं. | १६/६८५ | ४/२२/२०६६ | २७ | ३८२८९८ | ३८२८९८ |
| 9 | खालीटाटा सां.सं. | १६/६८१ | ४/२२/२०६६ | १८ | २२२३८३ | ३९७७६६ |
| 10 | रानीवन सा.सं. | १६/६८४ | ४/२२/२०६६ | ३३ | ४७३२२० | ४७३२२० |
| 11 | कपटे सास. | १६/५०० | २/८/२०६५ | ३० | ४११९१० | ६४०६९५ |
| 12 | शिखर सा.स. | १६/८४५/१ | २/२२/२०६७ | १२ | १९४३५० | १९४३५० |
| 13 | नौगाटेदलित सा.स. | १६/४१८/१ | ३/१३/२०६३ | १६ | १०६४५० | १७९८५० |
| 14 | टाफे सास. | १६/११० | ७/१०/२०६३ | १५ | २४२४६० | ३६०९२० |
| 15 | हिमाल सा.स. | १६/१११ | ७/१०/२०६३ | १५ | १९८८३३ | १६३८३३ |
| 16 | खर्कैधारसा.स. | १६/१२० | १२/१/२०६३ | २२ | १९७५०६ | १९७५०६ |
| 17 | मल्लासैन सा.स. | १६/११२ | ७/१०/२०६३ | २० | १९३५०० | २८१५५० |
| 18 | जमुना सास. | १६/१४७ | ११/२९/२०६३ | १६ | १५१११३ | १६२१८७ |
| 19 | सिध्दनाथ सा.स. | १६/८४६/१ | २/२२/२०६७ | १६ | ३१४७०० | ३५८२०० |
| 20 | जनहितस्वाबम्बी सा.स. | १६/११२ | ७/१०/२०६३ | १४ | १०८३२६ | १११३२६ |
| 21 | समैजी सा.स. | १६/१६२.१ | २/८/२०६५ | २९ | ३७४७६९ | ३७७३६९ |
| 22 | रातोमाक्षे सा.स. | १६/११३ | ७/१०/२०६३ | २२ | १७५७४२ | २२९३७७ |
| 23 | धैलोक्षे सास. | १६/११४/१ | ७/१०/२०६३ | २२ | २२८७४६ | ३०७७४६ |
| 24 | चौबाक्षे सा.स. | १६/४९९ | २/८/२०६५ | १९ | १९१००० | २२९००० |
| **जम्मा** | | | | **५४४** | **५९७८८९६** | **७२७२४०५** |
| ९३ | **कुल जम्मा** | | | **२०९५** | **२३२८८८४५** | **३६३७६७५** |

## अनुसूची-२

## दफा ८ को उपदफा ४ संग सम्वन्धित

## खराब कर्जा अपलेखनका प्रकृयाहरु

१. सामुदायिक संस्थाको खराव कर्जा,अपलेखन गर्ने वैठकको निर्णय
(के कारणले अपलेखन गर्नु पर्ने हो) ।
२. ऋणिले ऋण तिर्न नसक्ने टोलस्तरीय मुचुल्का ।
३. वडाको सिफारिस ।
४. अनुगमन समितिको सिफारिस ।
५. गाउँपालिका स्तरीय घुम्तीकोष व्यवस्थापन समितिको निर्णय र सिफारिस ।
६. गाउँ कार्यपालिकाको निर्णय ।

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाँउपालिकाको गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि, २०८२